नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाडौं

(सङ्घीय तथा प्रादेशिक कर्मचारी प्रशासन शाखा)

फोन नं. ४२००५०५, ४२००२९९

फ्याक्स नं.: ४२००३०६

प.स. : २०७९।८०

च.नं. ३३४

मिति: २०७९।०९।०७

विषय: कामकाजमा खटिएका कर्मचारीहरुको दरबन्दी सम्बन्धमा।

श्री मन्त्रालय/आयोग/सचिवालय/कार्यालय (सबै),

यस मन्त्रालयबाट निजामती कर्मचारीहरूको सरुवा तथा पदस्थापन सम्बन्धी कार्यहरु प्रचलित कानुन बमोजिम हुँदै आएको छ । सो सम्बन्धमा कर्मचारी समायोजन ऐन, २०७५ को दफा ९(९) अनुसार प्रदेश तथा स्थानीय तहमा र निजामती सेवा ऐन, २०४९ को दफा १८ क २ बमोजिम विभिन्न आयोजना तथा कार्यालयको अस्थायी दरबन्दीमा बढीमा १(एक) वर्षको लागि कामकाजमा खटाउने गरिएको छ। यस सम्बन्धमा माथि उल्लेखित कानुनको दफाहरु अनुसार कामकाजमा खटिइएका कर्मचारीहरुको दरबन्दीको सम्बन्धमा द्विविधा उत्पन्न भएको भनि आवश्यक निर्देशनको लागि विभिन्न कार्यालयहरुबाट पत्र प्राप्त भएकोमा यसरी कर्मचारी समायोजन ऐन, २०७५ को दफा ९(९) र निजामती सेवा ऐन, २०४९ को दफा १८ क(२) अनुसार कामकाजमा खटाइएको कर्मचारीको दरबन्दी सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको अतिरिक्त समूहमा रहने व्यहोरा आदेशानुसार अनुरोध छ।

२०७९।९।७

(अनुज घिमिरे)

शाखा अधिकृत

बोधार्थ:

श्री सूचना तथा प्रविधि शाखा,

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय: मन्त्रालयको वेभसाइटमा अपलोड गरिदिनुहुन ।